## मिति २०७९।१२।०७ गतेको कार्यपालिकाको ११५ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ (क) : लमही नगरपालिका वडा नं. ५ बस्ने शान्ता भुषालको निवेदन अनुसार सेफ्टी ट्याङ्की सफाईको लागि ३ ट्रिपको राजस्व रु ९,०००।- राजस्व खाता ४२९०१००३०१०१०००२ मा जम्मा गरेकोमा सेफ्टी ट्याङ्की सफाई गर्दा १ ट्रिप मात्र फोहोर निकालिएको भनी २ ट्रिपको रकम रु ६,०००।- फिर्ता गर्न माग भई आएको तर सो रकम राजस्व खातामा जम्मा भएको हुदाँ राजस्व खाताबाट सिधै चेक काटी रकम फिर्ता गर्न नसकिने हुदाँ सो रकम फिर्ता गर्न विपद व्यवस्थापन शाखाबाट पेश भई लेखा शाखाबाट राय समेत पेश भएकोले उक्त रकम रु ६,०००/- फिर्ता गर्ने।

निर्णय नं. १ (ख) : लमही नगरपालिका वडा नं. ६ स्थित स्वर्गद्वारी टोलविकास संस्थाको निवेदन अनुसार उक्त संस्था आ.ब २०७८/७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विनियोजन रकम रु ५,००,०००।- बाट बाटो ग्राबेल कार्य प्राविधिकको लागत अनुमान वमोजिम कार्य सम्पन्न गरेको रोयल्टी रकम बराबरको ३२,३८५/- भुक्तानी दिनु पर्नेमा सो रोयल्टी रकम यस लमही नगरपालिकाको राजस्व खातामा जम्मा भएकोले सो रकम फिर्ता पाउँ भनी लेखी आएको तर सो रकम राजस्व खातामा जम्म भएको हुदाँ राजस्व खाताबाट सिधै चेक काटी रकम फिर्ता गर्न नसक्रिने हुदाँ सो रकम फिर्ता गर्न योजना शाखाबाट पेश भई आएकोले उक्त रकम रु ३२,३८५/- अक्षरुपी बत्तिस हजार तीन सय पचासी स्वर्गद्वारी टोल विकास संस्थाको नाममा फिर्ता गर्ने।

निर्णय नं. २ : लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय प.सं. २०७९/०८०, च.नं. ९३७ मिति २०७९/०९/२९ को सरुवा सहमती सम्बन्धी पत्र र लुङग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पत्र सं. २०७९/८०, च.नं. ६६१ मिति २०७९/१०/०९ गतेको सरुवा सहमति सम्बन्धी पत्र गरी दोहोरो सहमती लिई लुङग्री गाउँपालिकाको कार्यालयको पत्र सं. २०७९/८० चलानी नम्वर ७०३ मिति २०७९/१०/१७ गतेको रमाना पत्र लिई रोजगार संयोजक पदमा कार्यरत श्री त्रिलोचन सुवेदी हाजिर हुन आएको र नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७९/८० च.नं./PMEP/११२ मिति २०७९/०६/०४ गतेको रोजगार संयोजकको करार सम्बन्धमा रोजगार संयोजकको पदपूर्ती तथा सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को पदपूर्ति सम्बन्धी व्यवस्थामा रोजगार संयोजकको नियुक्ती, करार गर्ने तथा करार अवधि थप लगायतका सम्पुर्ण अधिकार स्थानीय तहमा नै हस्तान्तरण गरिसकिएकोले सो सम्बन्धमा मन्त्रालयको सहमती लिइरहनु नपर्ने तर सोको जानकारी मन्त्रालयलाई अनिवार्य रुपमा गराउनु पर्ने व्यहोराको पत्र लेखी आएकोले रमाना लिई हाजिर हुन आएका रोजगार संयोजक श्री त्रिलोचन सुवेदीलाई हाजिर भएकै मिति देखि लागु हुने गरी २०८० असार मसान्तसम्म म्याद राखी करार सम्झौता गर्ने।



CamScanner

निर्णय नं. ३ : लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय, राप्ति उपत्यका, (देउखुरी) दाङको प.सं. २०७९/८० चलानी नं. ४९२ मितिः २०७९/१०/२३ गतेको पत्रानुसार झाँकी प्रदर्शनको व्यवस्था गरिदिने सम्बन्धमा भनि लेखी आएको र उक्त स्थापना दिवसको उपलक्ष्यमा यस लमही नगरपालिकाको कार्यालयवाट पठाइएको तपिशल वमोजिमको झाँकी पठाएको हुदाँ झाँकी पठाउदा भए गरेको खर्च रकम कानुन वमोजिम प्रक्रिया(समर्थन गरी) पुरा गरी देहाय वमोजिम भुक्तानी दिने ।

तपशिल

| क्र.स | भुक्तानी लिने व्यक्ति वा संस्था, ठेगना | नाचा/झाँकीको वा गाडी भाडा विवरण | भुक्तानी दिनु पर्ने रकम |
|---|---|---|---|
| १ | श्री भोजराज चौधरी, लमही-४ | लठ्ठे नाच, झुम्रा नाच र मयुर नाचको झाँकीहरु | ३०,०००।- |
| २ | श्री लमही बजार टोल विकास संस्था,लमही-५ | नेवार समाज | ७,०००।- |
| ३ | श्री नेपाल कुमाल समाज लमही-५ दाङ | कुमाल सस्कृतिको नाच | ४,०००।- |
| ४ | श्री शिव युवा क्लव लमही-४ भैंस्कोर्मा | झुम्रा नाच गरी | ४,०००।- |
| ५ | श्री दिक्षा आचार्य | गाडी भाडा | १४,०००।- |
| ६ | श्री नवराज आचार्य | गडी भाडा | १०,०००।- |

निर्णय नं. ४ : लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको बढ्दो कार्य चापलाई मध्यनगर गर्दै तपशिल बमोजिमका शाखाहरुलाई कार्यालय समय अलवा अतिरिक्त समय समेत कामकाज गर्ने गरी विहान ८ बजे देखि साँझ ७ बजे सम्म कायम गर्ने गरी मिति २०७९/१२/१२ गते आइतवार देखि लागु हुने गरी कार्यालय समय थप गर्ने र खटिएका कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहन भत्ता उपलब्ध गराउने।

तपशिलः

१. प्रशासन शाखा
२. प्राविधिक, पूर्वाधार विकास शाखा ( वडा कार्यालयमा कार्यरत प्राविधिकहरु समेत)
३. योजना तथा अनुगमन शाखा
४. आर्थिक प्रशासन शाखा

निर्णय नं. ५ : राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागवाट लमही नगरपालिकाका सम्पूर्ण वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र शिविरमा खटिएका कर्मचारीहरुले शिवर अवधिभर खादा वस्दा भए गरेको खर्च रकम सबै वडा कार्यालयहरुमा एकरुपता हुने गरी भुक्तानी दिने।

मिति २०७९।१२।०७ गतेको कार्यपालिकाको ११५ औं बैठकका निर्णयहरु

CamScanner

निर्णय नं. ६ : लमही नगरपालिका वडा नं १ देखि ९ सम्म कार्यालय भित्र रहेका जोखिम युक्त विभिन्न जातका रुखहरु र सडक निर्माणका क्रममा सडक विचमा परेका रुखहरु हटाउन डिभिजन वन कार्यालय लमहीलाई अनुरोध गरी पठाउने।

निर्णय नं. ७ : लमही नगरपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ बमोजिम "घ" वर्ग ईजाजतको लागि देहायका निर्माण व्यवसायीहरुले पेश गरेको निवेदन तथा कागजात अनुसार ईजाजत प्रदान गर्नको लागि मापदण्ड पुरा गरेको देखिएकाले "घ" वर्ग निर्माण व्यवसायी ईजाजत उपलब्ध गराउन स्वीकृति दिने।

तपशिल:

| क्र.स | फर्मको नाम | ठेगना | प्रोप्राइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुविधा कन्स्ट्रक्सन | लमही-५, दाङ | श्री प्रभा कुमारी चौधरी | |

निर्णय नं. ८ : लमही नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धि कार्यविधी, २०७८ दफा ३१ मा भएको व्यवस्था बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने दर्ता भएका मेलमिलापकर्ताहरुले छलफल सेसन संचालन गरे वापतको सेवा सुविधा लमही नगरपालिकाको कार्यालयले तोके बमोजिम हुने भएकोले तपशिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

तपशिल:

| क्र.स | विवरण | सेवा सुविधा | कैफियत |
|---|---|---|---|
| १ | मेलमिलापकर्तालाई | भत्ता रकम रु ५०० प्रति सेसन | मुद्दा मिलाएमा |
| २ | मेलमिलापकर्तालाई | यातायत खर्च भौगोलिक दुरीको आधारमा | नगरपालिकामा छलफलको लागि आउनु पर्ने भएमा |
| ३ | म्याद तामेली गर्ने कर्मचारीलाई | इन्धन उपलब्ध गराउने | भौगोलिक दुरीको हिसावले |
| ४ | फिल्डमा खटिने कर्मचारीलाई | भत्ता रकम रु ५०० प्रति दिन | कार्यालय समय भन्दा अगाडी र पछाडी खटिने |

निर्णय नं. ९ : लमही नगरपालिका अन्तरगत भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय सेवा केन्द्रमा खटीएका करार सेवाका कर्मचारीहरुलाई बार्षिक रु १०,०००। अक्षरुपी दश हजार पोशाक खर्च उपलब्ध गराउने।

निर्णय नं. १० : : लमही नगरपालिका अन्तरगत भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन भई निस्सा वितरण भएका तर विविध कारणले निस्सा कागज हराएकाहरुका लागि निस्सा प्रतिलिपी उपलब्ध गराए वाफत दस्तुर रु १०० अक्षरुपी एक सय लिने।

मिति २०७९।१२।०७ गतेको कार्यपालिकाको ११५ औं बैठकका निर्णयहरु

CamScanner

निर्णय नं. ११ : लमही नगरपालिका विपद् व्यवस्थापन समितिको मिति २०७९/१२/०६ गतेको निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नं. १२ : लमही नगरपालिकाको आ.व २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम निशुल्क कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालनको लागि यस कार्यालयलाई आवश्यक कृत्रिम गर्भाधान कार्यकर्ता आवश्यक संख्या ३ जना भएकोमा सार्वजनिक सुचना प्रकाशन गरेकोमा इच्छुक निवेदक २ जनालाई कार्यदिश दिई प्रति गाई/भौंसी रु ७०० अक्षरुपी सात सय उपलब्ध गराउने साथै लमही नगरपालिकाको आ.ब २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम पि.पि.आर खोपको कार्यक्रमको आवश्यक संख्या ५ जना भएकोमा सार्वजनिक सुचना प्रकाशन गरेकोमा इच्छुक निवेदक ६ जना भएकोले ६ जनालाई नै कार्यदिश दिई कामकाज खटाउने।

निर्णय नं. १३ : लमही नगरपालिका वडा नं. २, सोनपुरमा OTC सेन्टर स्थापना गर्ने।

निर्णय नं. १४ : लमही नगरपालिका ८ नं. वडा कार्यालयको सिफारिस बमोजिम लमही न.पा. ८ बस्ने पन्जु चौधरीको दाँया खुट्टा भाचिएको हुनाले हिडडुल गर्न समस्या भएको र निजको घरमा आर्थिक अवस्था कमजोर भएको हुनाले आर्थिक सहयोग गरी दिनुहुन भनी लेखी आएकोले निजलाई आर्थिक सहायत स्वरुप रु २०,०००। अक्षरुपी विस हजार मात्र उपलब्ध गराउने।

निर्णय नं. १५ : गढवा गाउँपालिकाको आयोजनामा मिति २०७९/११/२७ गते देखि सञ्चालन भएको देउखुरीव्यापी पालिकास्तरीय जनप्रतिनिधी तथा कर्मचारीहरुको मैत्रीपूर्ण फुटवल खेलमा सहभागी हुनु भएका जनप्रतिनिधी तथा कर्मचारीहरुले खेल प्रर्दशन गरी प्रथम स्थान हासिल गर्नु भएको र उक्त खेलमा पटक पटक सहभागी हुन जाँदा भए गरेको खर्च रकम रु १,५०,०००। अक्षरुपी एक लाख पचास हजार मात्र लमही नगरपालिकाको शिक्षा शाखा अन्तरगत आ.ब २०७९।८० मा स्वीकृत बजेट तथा कार्यक्रम मेयर कप खेलकुद कार्यक्रम शिर्षकबाट भुक्तानी दिने।

निर्णय नं. १६ : लमही नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को लागि स्विकृत भएका शहरी विकास कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका आय़ोजना तथा कार्यक्रमहरु संशोधन गरी सञ्चालन गर्ने।

तपशिल:

| क्र.सं. | साविकको कार्यक्रम | घटाउने रकम रु. | क्र.सं. | संशोधित कार्यक्रम | बढाउने रकम रु. | वडा |
|---|---|---|---|---|---|---|
| १ | हाईवे देखि कुमाल टोल जाने बाटोमा नाली तथा बाटो स्तरोन्नति | २०००००० | १ | थारु कला सँस्कृति संरक्षण केन्द्र भवन निर्माण वडा नं.१ | २०००००० | वडा १ |



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | मा वि सोनपुर जाने बाटो बाल निर्माण तथा माटो फिलिङ ग्रावेल | २०००००० | २ | मा वि सोनपुर जाने बाटोमा ग्याबिन जालि र बरुवा गाउँमा बाटो विस्तार | २०००००० | वडा २ |
| ३ | बिन्दु चौधरीको घर देखि मिलन टोल टिकुलिगढ मन्दिप चौधरीको घर सम्म नाली तथा बाटो विस्तार | २०००००० | ३ | प्रन्हान टोल टिकुलिगढ नाला निर्माण | १०००००० | वडा ३ |
| | | | ४ | नारायणपुर अधुरो नाला नर्माण | १०००००० | वडा ३ |
| ४ | बसपुरिया टोल देखि पुर्व कोलकटुवा खेत सम्म नाला सहित बाटो मर्मत | २०००००० | ५ | टुकलाल पौडेलको घर देखि पूर्व वनकट्टी सम्म बाटो स्तरोन्नती र नाला निर्माण | १०००००० | वडा ३ |
| ५ | २ नं. वडाको सिमाना देखि कटहवा गाउँसम्म बाटो स्तरोन्नति | २०००००० | ६ | बुट्कहवाको सामुदायिक भवन देखि छुट्की घुम्ना सम्म बाटो स्तरोन्नति | २०००००० | वडा ४ |
| ६ | बैसी देखि शान्ती प्रसादको घरसम्म बाटो स्तरोन्नती | २०००००० | ७ | बैसी देखि २ नं. वडाको सिमाना सम्म बाटो स्तरोन्नति | २०००००० | वडा ४ |
| ७ | कोलही देखि लङडी जोडने बाटो | २०००००० | ८ | पुष्प बगैचा निर्माण तथा मर्मत | २०००००० | |
| ८ | आनन्द नगरटोलमा नाली तथा बाटो विस्तार | २०००००० | ९ | ढुंगे वगैचा निर्माण | २०००००० | वडा ५ |
| ९ | वसन्त नगरदेखि गौतरिया नाली तथा बाटो स्तर उन्नती | २०००००० | १० | बाटो स्तर उन्नती तथा पार्क पिकनिक | २०००००० | |
| १० | गोरक्ष टोल नाला तथा बाटो स्तर उन्नती | २०००००० | ११ | ब्रह्मकुमारी विश्व विद्यालय शान्ति पार्क निर्माण | २०००००० | वडा ५ |
| ११ | उचानिम्बु कृषि सडक स्तरोन्नती | २०००००० | १२ | कसानगञ्ज बाटो स्तरोन्नती | २०००००० | वडा ७ |
| १२ | धनपुरुवा नालामा नाली र बाटो स्तरोन्नती वडा नं. ८ | २०००००० | १३ | बाटो स्तरोन्नति वडा नं. ७ | २०००००० | वडा ८ |
| १३ | सतबरीया गोपाल महाराजको घरदेखि दोघरवा हुदै राप्ति नदिसम्म नाली र बाटो विस्तार | २०००००० | १४ | गिधिनिया र नयाँबस्तीमा नाली र बाटो स्तरोन्नती | २०००००० | वडा ८ |
| १४ | झग्गु थापाको घरदेखि सौरन महतराको घरसम्म निम्बुखुट्टी नाली तथा बाटो स्तरोन्नती | २०००००० | १५ | निम्बुखुट्टीमा नाली र बाटो स्तरोन्नती | २०००००० | वडा ८ |
| १५ | भौका खोलामा तटबन्धन | २०००००० | १६ | दामोदर सडकमा नाली र बाटो स्तरोन्नती | २०००००० | वडा ८ |



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | आ वि भत्तरकुण्डा विजुलीपुरमा तारबार गर्ने र खेलमैदान | २०००००० | १७ | आ वि भत्तरकुण्डामा पर्खाल र खेल मैदान | २०००००० | वडा ८ |
| १७ | खोलीगाउँमा नाली नाली र बाटो स्तरोन्नती | २०००००० | १८ | प्रशंसा मण्डली चर्च अगाडीको नाली र बाटो स्तरोन्नती | २०००००० | वडा ८ |
| | जम्मा | ३४०००००० | | जम्मा | ३४०००००० | |

निर्णय नं. १७ : लमही नगरपालिका अन्तर्गत कृषि शाखा तर्फ आर्थिक वर्ष २०७९/०८० को लागि स्विकृत ५० प्रतिशत अनुदानमा धानको उन्नत/हाईब्रिट वीउ अराईज ६४४४ लगायत अन्य हाईब्रिट विउ वितरण कार्यक्रमबाट तपशिल बमोजिमका धानको विउं वितरणको गर्ने।

तपशिलः

| क.स | बिउको प्रकार | वितरण गरिने बिउहरु |
|---|---|---|
| १ | उन्नत | सावाँ मन्सुली, हर्दिनाथ १, सुख्खा २, राधा ४ र रामधान |
| २ | हाईब्रिड | एराईज ६४४४, एरिज आइडिया र यु.एस ३१२ |

निर्णय नं. १८ : यस लमही नगरपालिकाको गत आर्थिक वर्ष २०७८।७९ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न भईसक्दा पनि नेपाल सरकारको लेखा प्रणाली सञ्चालन तथा व्यावस्थापन गर्ने सफ्टोवयर सुत्र (SUTRA) मा देखा परेको सम्मस्याका कारण २०७९।०३।२५ गते राती १२ बजे सम्म यस कार्यालयबाट भुक्तानी दिन नसकिएकाले तपशिलमा उल्लेखित आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने टोलविकास संस्था, उपभोक्ता समिति, फर्म व्यक्तिलाई चालु आ व २०७९/८० को स्विकृत बजेटको भुक्तानी बाँकी शिर्षकबाट बाँकी रकम भुक्तानी दिने।

तपशिलः

| क.सं. | भुक्तानी लिने फर्म वा संस्थाको नाम | कामको विवरण | रकम रु. |
|---|---|---|---|
| १ | सुनखोली शान्तिनगर जोड्ने पुल निर्माण उपभोक्ता समिति | सुनखोली शान्तिनगर जोड्न पुल निर्माण लमही न.पा ४ र ५ | २०,००,०००/- |



CamScanner

आज मिति २०७९ साल चैत्र २४ गते बिहिबारको दिन बिहान ९ :०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री अर्जुन बहादुर थापा | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

मिति २०७९।१२।२४ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १: आगामी आर्थिक वर्ष २०८०/८१ का लागि लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट सञ्चालन गर्ने गरी देहायका आयोजनाहरु छनौट गरी प्रदेश सरकार समक्ष पेशगर्ने।

तपशिल:

| क्र.स | आयोजनाको नाम र स्थान | प्रदेश सरकारबाट प्राप्त बजेट | नगरपालिकाको लागत सहभागिता | आयोजनाको जम्मा लागत |
|---|---|---|---|---|
| १ | लमही न.पा वडा नं १, कैडिया हाइवे देखि खानेपानी टयाङ्की सम्म जाने सडक कालोपत्रे र लमही न.पा वडा नं २ रासी गाउँपालिका सिमाना देखि पश्चिम कल्भर्टसम्म जाने सडक कालो पत्रे | ५७,५०,०००/ | ५७,५०,०००/ | १,१५,००,०००/ |
| २ | लमही न.पा वडा नं ३, बालतारा आधारभुत विद्यालय देखि सिक्टासम्मको बाटोमा नाला सहित कालो पत्रे र लमही न.पा ४ गुर्जिहवा देखि घुम्ना बाटोमा पक्की नाला सहित कालोपत्रे | ५५,००,०००/ | ५५,००,०००/ | १,१०,००,०००/ |
| ३ | लमही न.पा ५ सुनखोली बाटो कालो पत्रे र लमही न.पा ६ मध्यनगर कस्यपुर सडक कालोपत्रे | ५५,००,०००/ | ५५,००,०००/ | १,१०,००,०००/ |
| ४ | लमही न.पा ७ हस्नापुर दामोदर सडकमा पक्की नालासहित कालोपत्रे र लमही न.पा ८ नगिदिनीया गाउँमा कालोपत्रे | ५५,००,०००/ | ५५,००,०००/ | १,१०,००,०००/ |
| ५ | लमही न.पा ९ अमिलिया खानेपानी रिङ्ग रोड सडक स्तरोन्ती | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| | जम्मा | २,५०,००,०००। | २,५०,००,०००। | ५,००,००,०००। |

ओगराज चौधरी
नगर प्रमुख

मिति २०७९।१२।२४ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं.१: आगामी आर्थिक वर्ष २०८०/८१ का लागि लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट सञ्चालन गर्ने गरी देहायका आयोजनाहरु छनौट गरी प्रदेश सरकार समक्ष पेशगर्ने।

तपशिल:

| क्र.स | आयोजनाको नाम र स्थान | प्रदेश सरकारबाट प्राप्त बजेट | नगरपालिकाको लागत सहभागिता | आयोजनाको जम्मा लागत |
|---|---|---|---|---|
| १ | लमही न.पा वडा नं १, कैडिया हाइवे देखि खानेपानी ट्याङ्की सम्म जाने सडक कालोपत्रे | ३०,००,०००। | ३०,००,०००। | ६०,००,०००। |
| २ | लमही न.पा वडा नं २ राप्ती गाउँपालिका सिमाना देखि पश्चिम कल्भर्टसम्म कालो पत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ३ | लमही न.पा वडा नं ३ बालतारा आधारभुत विद्यालय देखि सिक्टासम्मको बाटोमा नाला सहित कालो पत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ४ | लमही न.पा ४ गुर्जिहवा देखि घुम्ना बाटोमा पक्की नाला सहित कालोपत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ५ | लमही न.पा ५ सुनखोली बाटो कालो पत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ६ | लमही न.पा ६ मध्यनगर कस्यपुर सडक कालोपत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ७ | लमही न.पा ७ हस्नापुर दामोदर सडकमा पक्की नालासहित कालोपत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ८ | लमही न.पा ८ नगिदिनीया गाउँमा कालोपत्रे | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| ९ | लमही न.पा ९ अमिलिया खानेपानी रिङ्ग रोड सडक स्तरोन्ती | २७,५०,०००। | २७,५०,०००। | ५५,००,०००। |
| | जम्मा | २,५०,००,०००। | २,५०,००,०००। | ५,००,००,००० |

जोगराज चौधरी
नगर प्रमुख

CamScanner

## मिति २०७९।०७।१७ गते बसेको नगर कार्यपालिकाको १११ औ बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १ : यस लमही नगर कार्यपालिकाको कार्यालयको आन्तरिक व्यवस्थापनमा उत्पन्न भएको समस्याको कारण चालु आर्थिक बर्ष २०७९।८० मा स्विकृत तपशिल बार्षिक वजेट तथा कार्यक्रम सञ्चालन गर्न ढिलो भइसकेको र कृषिकहरुलाई यथासिघ्र गहुँ, मकै, तरकारी र घाँसको विउ तथा च्याउको स्पान खरिद गर्ने आवश्यक रहेकोले देहाय वमोजिमको परिमाणमा तोकिएको वजेट सिमा पुनः निर्धारण गरि सोही वजेट सिमा भित्र रही उल्लेखित खरिद प्रक्रिया पुरा गरी गहुँ, मकै, तरकारी र घाँसको विउ तथा च्याउको स्पान वितरण गर्न स्विकृती प्रदान गर्ने।

तपशिल

| क.स | विनियोजित बार्षिक कार्यक्रम | स्वीकृत बजेट | खरिद गर्ने आवश्यक परिमाण | नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने बजेट | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | जै घाँसको विउ वितरण (निशुल्क) | १,८०,०००। | १६३६ के.जी | १,८०,०००। | सार्वजिनक खरिद नियमावली २०६४ को दफा ८५ को उपदफा १ (क) बमोजिम सोझै खरिद |
| २ | प्याकेजिङ्ग वर्षिम घाँसको (निशुल्क) | ५,००,०००। | १३५१ के.जी | ५,००,०००। | |
| ३ | गँहुको मुल वा प्रमाणित विउँ वितरण (५० प्रतिशत अनुदानमा) | १,००,०००। | २५०० के.जी | १,००,०००। | |
| ४ | गँहुको उन्नत विउँ वितरण (५० प्रतिशत अनुदानमा) | ९,००,०००। | ६६६६ के.जी | २,५०,०००। | |
| ५ | मकैको हाइब्रिड र उन्नत विउ वितरण (५० प्रतिशत अनुदानमा) | २,००,०००। | ४०० के.जी | १,००,०००। | |
| ६ | च्याउको स्पान वितरण (५० प्रतिशत अनुदानमा) | १,००,०००। | २००० प्याकेट | ५०,०००। | |
| ७ | तरकारीको विउ वितरण (५० प्रतिशत अनुदानमा) | १,७५,०००। | २६ के.जी | ८७,५००। | |

CamScanner

मिति २०७९ कार्तिक १७ गते बसेको लमही नगर कार्यपालिकाको बैठकको निर्णयः

निर्णय नं. २ : निवेदक गेहेन्द्र बहादुर डाँगी र विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगर कार्यपालिका र लमही न.पाका उप-सचिव (शिक्षा/प्रशासन) रवीन्द्र क्षेत्री समेत भएको निशेधाज्ञा (मुद्दा नं. 079-WO-0014), उत्प्रेषण/परमादेश मुद्दामा (मुद्दा नं. 079-WO-0015) को सम्मानित श्री उच्च अदालत तुलसीपुरबाट जारी भएको १५ दिने म्याद २०७९।०६।३० गते तामेली पाएकोमा सम्बन्धित व्यक्तीहरु बिरामी भई उक्त म्याद भित्र हाजिर भई लिखित जवाफ प्रस्तुत गर्ने नसकीएकोले उक्त म्याद थमैती गरी विपक्षी नगर प्रमुख, लमही नगरपालिका दाङ, लमही नगरपालिकाको कार्यालय, लमही नगर कार्यपालिका र लमही न.पाका उप-सचिव (शिक्षा/प्रशासन) रवीन्द्र क्षेत्री समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुलसीपुरमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत अधिकृतस्तर नवौं/उपसचिव (शिक्षा प्रशासन) श्री रवीन्द्र क्षेत्री लाई प्रतिनिधि नियुक्त गरी पठाउने।

CamScanner

मिति २०७९।१२।१४ गतेको कार्यपालिकाको ११६ औं बैठकका निर्णयहरु विषयहरु:

निर्णय नं. १: हिन्दु धर्मालम्वीहरुको महत्वपूर्ण पर्व चैते दशै (चैत्र शुक्ल अष्टमी)को पावन अवसरमा मिति २०७९/१२/१५ गते बुधबारका दिन यस लमही नगरपालिका मातहतका सम्पूर्ण सरकारी कार्यालयहरु, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा स्थानीय विदाको रुपमा १ दिन सार्वजनिक विदा दिने।

CamScanner